आज मिति २०७९ साल भाद्र १५ गतेका दिन यस गेरुवा गाउँपालिका-का अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्य-पालिकाको ३३औं बोर्ड बैठक बस्यो, उपस्थिती तथा निर्णय देहाय बमोजिम रहेको छ।

उपस्थिती

श्री जमान सिंह के.सी. अध्यक्ष

" हिमा कुमारी पहनी उपाध्यक्ष

" दयाराम वैद्य थारु वडा अध्यक्ष वडा नं. १

" आलोक कुमार थारु " " " २

" पुनाराम थारु " " ३

" बल बहादुर चलाउने " " ४

" धर्म प्रकाश थारु " " ५

" टेक बहादुर चौधरी " " ६

" शान्ति चौधरी सदस्य

" राजु कठुवाल खत्री "

" चन्द्रकला कामी "

" गोविन्दा शर्मा पौडेल "

" लक्ष्मण बहादुर नेपाली "

" कम बहादुर वि.क. "

" भिम बहादुर खत्री प्रमुख प्रशासकीय अ.

Scanned by CamScanner

प्रस्तावहरु

१ नियमावली, कार्यविधि, मापदण्ड, बार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा

२ पर्या-पर्यटन प्रवर्द्दन प्रवेश द्वार खोल्नका लागि सिफारीश गर्ने स्वीकृति सम्बन्धमा

३ गाउँपालिको स्वीकृत दरवन्दी अनुसारका प्राविधिक कर्मचारी पदपूर्ति गर्ने स्वीकृति सम्बन्धमा

४ अख्तियारी, कार्यसम्पादन सम्झौता,ईष्टिमेट,टेण्डर र प्रस्ताव स्वीकृति सम्बन्धमा

५ गाउँ कार्यपालिका, वडा कार्यालयहरु र बिषयगत कार्यालय तथा कार्यालय प्रमुख एवं प्राविधिक कर्मचारीहरु व्यवस्थापनका लागि घरभाडामा लिने स्वीकृति दिने सम्बन्धमा

६ बहुउद्देशिय हल तथा रंगशाला निर्माण सम्बन्धमा

७ सामुदायिक स्वास्थ्य ईकाइ व्यवस्थापन सम्बन्धमा

८ टेलिफोन टावर र सेवा सञ्चालन सम्बन्धमा

९ बिबिध

(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

## निर्णयहरु :-

१ नियमावली, कार्यविधि, मापदण्ड, बार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउं सभावाट पारीत भई कार्यान्वयनमा रहेका **आर्थिक ऐन, २०७५, विनियोजन ऐन, २०७५ र आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम** कार्यान्वयन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सार्जजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ प्रतिकूल नहुने गरी सवै कार्यक्रमहरुको बार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्यविधि वनाई स्वीकृत गरी कार्यान्वयन गर्नु पर्ने भएकोले देहाय वमोजिमका बार्षिक खरिद योजना, कार्यक्रम कार्यान्वयन कार्यविधि र नीति/मापदण्डहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | कार्यालय/शाखा/आयोजना | प्रस्तावको विवरण | | कैफियत |
|---|---|---|---|---|
| | | प्रस्तावको नाम | प्रस्तावित बिषय | |
| १ | कृषि विकास शाखा | कृषि विकास | कृषि विकास कार्यक्रम संचालन कार्यविधि | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | शाखा | २०७५ | |
| २ | कृषि विकास शाखा | कृषि विकास शाखा | एक वडा एक कृषि तथा पशु प्राविधिक व्यवस्थापन सम्बन्धी निर्देशिका २०७५ | |
| ३ | कृषि विकास शाखा | कृषि विकास शाखा | वार्षिक आई.पि.एम कृषक पाठशाला संचालनको नर्मस २०७५ | |
| ४ | कृषि विकास शाखा | कृषि विकास शाखा | कृषि विकास कार्यक्रम खरिद योजना तथा वार्षिक कार्यक्रम बाँडफाँड २०७५ | |
| | | | | |
| | | | | |

## २ पर्या-पर्यटन प्रवर्द्दन प्रवेश द्वार खोल्नका लागि सिफारीश गर्ने स्वीकृति सम्बन्धमा

**प्रस्ताव नं.२** यस गाउँपालिका संग जोडिएको बर्दिया राष्ट्रिय निकुञ्जको पश्चिम क्षेत्रमा वन्यजन्तुको नाका खुला रहेकोले जनता आक्रान्त रहेपनि मानिसको लागि भने प्रवेश नाका नखोलिएको कारणले यस क्षेत्रमा आन्तरिक तथा बाहिय कुनै पनि पर्यटकहरु आवागमन गर्न पाएका छैनन् भने यस क्षेत्रका जनताहरु निकुञ्ज मुख्यालयमा जान आउन समेत अत्यन्त कठिन परेको छ। यस क्षेत्रमा रहेको थारु संस्कृति/सभ्यता सहित जनकनगरका आधुनिक होम स्टे, ईन्टेक क्षेत्रको साईटिङ भ्यु, सहिद पार्क, गौशाला लगायतका आकर्षण संग आन्तरिक र बाहिय पर्यटकहरुको आवागमन/सम्पर्क स्थापना गर्दा यस क्षेत्रका सेवाग्राही जनता र बर्दिया राष्ट्रिय निकुञ्जको सिदा सम्पर्क हुने, स्वरोजगार, राजश्वमा र आन्तरिक आय बृद्धिमा सहयोग पुग्ने भई अत्यावश्यक देखिएकोले स्थायी नाकाको रुपमा **गोला प्रवेशद्वार** नामक बर्दिया राष्ट्रिय निकुञ्ज पश्चिम प्रवेशद्वार खोलि दिने व्यवस्था हुन र निकुञ्ज बाहिर **मनाउ घाट र हात्तीसार घाटमा** हाललाई डुंगा प्रयोग भएकोमा झोलुंगे पुल/स्थायी पुल निर्माण गरी स्थायी मार्ग स्थापना गरि दिन वन तथा वातावरण मन्त्रालयमा अनुरोध गर्ने र अविलम्ब प्रस्ताव पेश गरि दिन बर्दिया राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने निर्णय गरियो।

**पश्चिम प्रवेशद्वार**

२.१ **गोला प्रवेशद्वार :-**

(क) **जनकनगर-गोला शिवमन्दिर-गैंडा मचान-ठाकुरद्वारा** :- नयाँ प्रवेशद्वार खोल्नु पर्ने।

(ख) सावीकको बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र स्थित **मनाउ घाट र हात्तीसार घाट** नदीमा झोलुङ्गे पुल निर्माण गरी गेरुवा-ठाकुरद्वारा स्थायी मार्ग कायम गरिनु पर्ने।

## ३ गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसारका प्राविधिक कर्मचारी पदपूर्ति गर्ने स्वीकृति सम्बन्धमा

**प्रस्ताव नं.३** माथी छलफल गर्दा करार सेवा नियमावली, २०७५ र स्वीकृत दरवन्दी तथा निनियोजित कबजेटको परिधिमा रहि गेरुवा गाउँपालिका अन्तर्गत कामकाज गर्नका लागि देहाय वमोजिमका अत्यावश्यक प्राविधिक पदहरुमा स्थायी व्यक्ति आएमा वा अन्य कुनै प्रकृयाबाट पदपूर्ति भएमा स्वत: नरहने गरी देहाय वमोजिमको सेवा सुविधा सहित सम्बन्धित शाखा र पदको स्वीकृत कार्य विवरण तथा तोकीएको अन्य कामकाज समेत गर्ने गरी सेवा करारमा/ज्यालादारीमा लिई कामकाज लगाउन स्वीकृति दिने निर्णय गरियो :-

**तपशिल :-**

| सि. नं. | शाखा | पद | संख्या | पारिश्रमिक | थप सुविधा | श्रोत शिर्षक | प्रकृया | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शाखा | सिभिल ईन्जिनियर | १ | ३०,५००।- | २० प्रतिशत अतिरिक्त समय | तलब/सेवा अन्य | १५ दिने सूचना प्रकाशित गरी | |

Scanned by CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भत्ता | | छनौट गरी सेवा करारमा लिने | |
| २ | ,, | सव-ईन्जिनियर | ५ | २३,५००।- | ,, | ,, | ,, | कार्यरत-१ लाई प्राथमिकता दिई निरन्तरता दिने |
| ३ | ,, | भारी सवारीचालक | ४ | १८,५००।- | - | ,, | दैनिक ज्यालादारीमा लिने | ,, |
| ४ | | ह.सवारी चालक | १ | १७,५००।- | - | ,, | ,, | ,, |
| ५ | सूचना प्रविधि | कम्प्युटर अपरेटर | १ | २३,५००- | - | ,, | ,, | ,, |
| ६ | कृषि विकास शाखा | ना.प्रा.स., | ४ | २०,०००।- | - | ,, | १५ दिने सूचना प्रकाशित गरी छनौट गरी सेवा करारमा लिने | कार्यरतलाई प्राथमिकता दिने |
| ७ | पशु सेवा शाखा | ना.प्रा.स., | ३ | १५,५००।- | - | ,, | ,, | ,, |
| ८ | स्वास्थ्य शाखा | अ न मी | २ | २२,१७०।- | - | ,, | ,, | ,, |
| ९ | | अ.हे.व. | २ | २२,१७०।- | - | ,, | ,, | |
| १० | स्वास्थ्य शाखा, बर्थिङ सेन्टर, पाताभार स्वास्थ्य चौकी | अ.न.मी | १ | २२,१६६।- | | | सावीक बमोजिम निरन्तरता दिने | |
| ११ | नापी शाखा | अमिन | २ | ११२५०।- | प्रति कित्ता नापी गरे बापत रु.७००।- भत्ता समेत | ,, | ज्यालादारी | ,, |
| १२ | कृषि विकास शाखा | कार्यालय सहयोगी | १ | १३,०००।- | - | | सावीक कृषि शाखाबाट करार गरिए वमोजिम निरन्तरता दिने | |
| १३ | आयुर्वेद स्वास्थ्य | कार्यालय सहयोगी | १ | १३,०००।- | - | | सावीक आयुर्वेद अस्पताल बाट करार गरिए वमोजिम निरन्तरता दिने | |
| १४ | स्वास्थ्य शाखा | कार्यालय सहयोगी/पाले/स्वीपर | ४ | १०,०००।- | | | सावीक करार गरे बमोजिम निरन्तरता दिने | |

पुनश्च:-(क) कार्यरत कार्यालय सहयोगीको हकमा सावीक देखी करारमा कार्यरत गाउँ कार्यपालिका कार्यालय-२, वडानं.१,२,३ र ४ का १/१ जना कार्यालय सहयोगीहरुलाई सोही करार वमोजिम २०७५ श्रावण १ गते देखी २०७६ आषाढ मसान्त सम्म कायम रहने गरी करार निरन्तरता गर्ने स्वीकृति सहित निर्देशन गर्ने समेत निर्णय गरियो ।

(ख) सहजकर्ता जोधीराम चौधरी र सावीक देखी सहायक कम्प्युटर अपरेटर भनि करारमा काम गरि रहेका वडानं.४ का जितेन्द्र चौधरी र वडानं.६ का युगराज भुसालको हकमा सहायक कम्प्युटर अपरेटर पद नै नभएको र स्वीकृत दरवन्दी एवं विनियोजित बजेट भन्दा बाहिर कर्मचारी नियुक्ति गर्न र तलवभत्ता भूक्तानी गर्न नमिल्ने भएकोले निजहरुले गरेको कामकाज अन्य कर्मचारीहरुलाई सकाई हस्तान्तरण गर्नका लागि अवधि २०७५ श्रावण १ गते देखी २०७५साल आश्वीन मसान्त सम्म ३ महिनाका लागि निजहरुले

Scanned by CamScanner

गतबर्ष भूक्तानी लिएको माशिक पारिश्रमिकलाई दैनिक ज्यालादारीको रुपमा सुविधा पाउने गरी कामकाज लगाई २०७५ कात्तिक १ गते देखी बिदा गर्न सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**४ अख्तियारी, कार्यसम्पादन सम्झौता,ईष्टिमेट,टेण्डर र प्रस्ताव स्वीकृति सम्बन्धमा**

प्रस्ताव नं.४ माथी छलफल गर्दा गेरुवा गाउँपालिको गाउँसभाबाट स्वीकृत कार्यक्रम र विनियोजित बजेट वमोजिम सवै वडाका कार्यक्रमहरु कार्यान्वयन/सम्पादन गरी गराई कार्य सम्पन्न प्रतिवेदन सहित वील भूक्तानीका लागि सिफारीश गरी पठाउने गरी सम्बन्धित वडाका वडाध्यक्ष तथा वडासचिव र गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत विच कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादन अख्तियारी दिने/लिने कार्यका लागि लागत ईष्टिमेट गरी पेश गर्न र गैर सरकारी संघ/संस्थाबाट सञ्चालन हुने कार्यक्रम/योजनाहरु र निजी-सरकारी सहकार्यबाट सम्पादन हुने कार्यक्रमहरु समेतको हकमा सम्वन्धितबाट कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी बिषयगत शाखा मार्फत गाउँ कार्यपालिका कार्यालयमा पेश गर्न आहवान गर्ने साथै पेश भएका देहाय वमोजिमका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

(क) सावीक देखी सञ्चालिनमा रहि निरन्तरता पाएको थारु हेल्पडेस्क कार्यक्रम सञ्चालनका लागि प्रस्तावक जोगनी जनसेवा क्लवको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) ९६ वटा टोल समिति गठन, तालिम र सञ्चालनका लागि प्रस्तावक सहकर्मि समाजको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(ग) थारु हेल्प डेस्कमा कार्यरत २० जना सहजकर्ता र स्वयं सेवक मध्ये हरेक वडामा २ जना र गाउँपालिकामा २ जना गरी १४ जनालाई थारु हेल्पडेस्क सञ्चालन गर्न खटाउने र वडानं.१, ४ र ६ बाट २/२ जना सहजकर्ताका दरले ६ जना सहजकर्ताहरुलाई सहकर्मि समाज मार्फत टोल समिति गठन र परिचालनका लागि खटाउने निर्णय गरियो ।

(घ) मेशिनरी सामान शिर्षकबाट - जे सि वि, ट्रेक्टर र मोटरसाईकलहरु अविलम्व खरिद गर्नुपर्ने भएकोले क्याटलक विधि प्रयोग गरी छिटो माध्यामबाट खरिद गरी कार्य सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो ।

यस बाहेक अन्य प्रस्तावहरु र ईष्टिमेटहरु आगामी बोर्ड बैठकमा पेश गर्न निर्देशन दिने र स्वीकृत कार्यक्रम भित्रका प्रस्तावहरु बिषयगत शाखा मार्फत गाउँ कार्यपालिका कार्यालयबाट नै स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**५ गाउँ कार्यपालिका, वडा कार्यालयहरु र बिषयगत कार्यालय तथा कार्यालय प्रमुख एवं प्राविधिक कर्मचारीहरु व्यवस्थापनका लागि घरभाडामा लिने स्वीकृति दिने सम्बन्धमा**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको कार्यालय अन्तर्गत सञ्चालन हुने बिषयगत शाखाहरु सञ्चालन र प्राविधिक कर्मचारी व्यवस्थापनका लागि समेत आवश्यक पर्ने तपशिल वमोजिमका घरहरु तपशिल वमोजिमको दररेटमा घर भाडामा लिई सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

तपशिल

(क) गेरुवा गाउँपालिका वडानं.५ पशुपतिनगर स्थित मेगा बैंक, लि. कार्यालय बसेको जेनिथ विष्टका नाउँको २ तले भवनको भुईं तलामा रहेका १ हल, ३ कोठा र १ स्टोर समेतको मासिक रु.१६,५००।- मा भाडामा लिने निर्णय गरियो ।

६ **बहुउद्देशिय हल तथा रंगशाला निर्माण सम्बन्धमा**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रदेश सरकार बाट वित्तिय हस्तान्तरण भई आएको शसर्त बजेटबाट निमार्ण गर्नुपर्ने बहुउद्देशिय हल तथा रंगशाला निर्माण गर्नको लागि स्थान छनौट गरी ईस्टीमेट सहित पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१.

२. राजेश चौधरी सदस्य सब-ईन्जिनियर

३. डिल बहादुर जि.शी. सदस्य श्रोत व्यक्ति

७ **सामुदायिक स्वास्थ्य ईकाइ व्यवस्थापन सम्बन्धमा**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सामुदायिक स्वास्थ्य ईकाई, गेरुवा-१ थापापूरमा करार कर्मचारी व्यवस्थापन र कार्यालय संचालन, मसलन्द संचालन तथा सामान व्यवस्थापनको लागि आवश्यक पर्ने बजेट सहितको प्रस्ताव तयार पारी पेश गर्न र वडा कार्यालय सगैं गाउँघर क्लिनिकमा सार्न निर्देशन दिने निर्णय गरियो ।

८ **टेलिफोन टावर र सेवा सञ्चालन सम्बन्धमा**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिका ४ नं. वडा, गोला, ५ नं. वडा, पशुपतिनगर र ६ नं. वडा, मनाउमा टेलिफोन टावर स्थापना गरि दिन र गाउँपालिकामा टेलिफोन लाईन जडान गरिदिन नेपाल दुर सञ्चार संस्थान र नेपाल टेलिकममा अनुरोध गर्ने निर्णय गरियो ।

९ **विविध**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सबै वडाध्यक्षहरुले आ-आफ्नो वडाको मासिक प्रगति प्रस्तुत् गर्ने र कार्य सम्पादन सम्झौता गरी अख्तियारी लिने तयारीका साथ आगामी चौतिसौं बोर्ड बैठक मिति २०७५ साल आश्वीन ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।

गेरुवा गाउँपालिका

Scanned by CamScanner